श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३६ सालको ऐन नं. १७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### घरजग्गा कर ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– घरजग्गा कर ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "घरजग्गा कर (पहिलो संशोधन) ऐन, २०३६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. घरजग्गा कर ऐन, २०१९ को दफा १२ मा संशोधनः घरजग्गा कर ऐन, २०१९ को दफा १२ मा रहेको "मिल कारखानामा खास मेशिन जडान भएको घरजग्गा" भन्ने वाक्यांशको सट्टा "मिल वा कारखानाको मूल मेशिन जडान भएको घरजग्गा, गोदाम, मिल वा कारखानाको कम्पाउण्डभित्र कच्चापदार्थ राखिने तोकिएबमोजिमको जग्गा, मजदूर आवास र सेडहरू तथा होटेलको ग्राहक बस्ने खाने खास घरजग्गा, सवारी साधनको पार्किङ्ग स्थान र बाग बगैंचा" भन्ने वाक्यांश राखिएको छ ।

लालमोहर सदर मितिः– २०३६।८।५।४

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

४९५ ५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।